प्रमाणिकरण मिति : २०८१/०५/१४

## विद्यालय समायोजन, दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन कार्यविधि २०८१

**प्रस्तावना:**

बेनी नगरपालिका क्षेत्रभित्र माध्यमिक तह सम्मको विद्यालय शिक्षालाई व्यवस्थित समयानुकुल तथा गुणस्तरीय बनाउन दुई वा दुई भन्दा बढी विद्यालयहरुलाई गाभ्ने, विद्यालय तह वा कक्षा समायोजन गर्ने र विद्यार्थी सङ्ख्याको अनुपातमा दरबन्दी मिलान गरी शिक्षक व्यवस्थापन गर्ने कार्यलाई व्यवस्थित रुपमा अघि बढाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को खण्ड (ज) र बेनी नगरपालिकाको शिक्षा ऐन, २०७४ को दफा ४० को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बेनी नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम "**विद्यालय समायोजन, दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन कार्यविधि २०८१**" रहेको छ।

(२) यो कार्यविधि बेनी नगरपालिका अन्तरगतका विद्यालयहरुमा लागु हुनेछ।

(३) यो कार्यविधि बेनी नगर कार्यपालिकाबाट स्वीकृत भए पश्चात लागु हुनेछ।

**२. विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

क) "नगरपालिका" भन्नाले बेनी नगरपालिकालाई सम्झनुपर्छ।

ख) "शिक्षा समिति" भन्नाले बेनी नगर शिक्षा ऐनको दफा ९ अनुसार गठित शिक्षा समिति सम्झनुपर्छ।

ग) "व्यवस्थापन समिति" भन्नाले नगर शिक्षा ऐनको दफा १२ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ।

घ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको, नाफा रहित प्रकृतिको नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

ङ) "आधारभुत शिक्षा" भन्नाले बालविकास केन्द्रदेखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनुपर्छ।

च) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनुपर्छ।

छ) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ। सो शब्दले प्रारम्भिक बालविकास शिक्षक र प्रधानाध्यापक समेतलाई जनाउँदछ।

ज) "कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत शिक्षक वाहेकका अन्य कर्मचारी सम्झनुपर्छ।

झ) "विद्यालय समायोजन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफ ११ को (ज) र नगर शिक्षा ऐनको दफा २० को उपदफा १अनुसार दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा गाभ्ने वा एक आपसमा गाभी नयाँ स्थापना गर्ने वा विद्यालयको तह वा कक्षा घटाउने बढाउने वा विद्यालय बन्द गर्ने समेतको कार्यलाई जनाउँछ।

ञ) "दरबन्दी मिलान" भन्नाले विद्यार्थी सङ्ख्या कम भई विद्यालय समायोजन भएका र यस कार्यविधि बमोजिम शिक्षक विद्यार्थी अनुपात कम भएका विद्यालयका शिक्षकहरुलाई विद्यार्थी सङ्ख्याको

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

आधारमा दरबन्दी कम भएका वा कुनै प्रकारको दरबन्दी नभएका विद्यालयहरुमा दरबन्दी व्यवस्थापन गर्ने कार्यलाई सम्झनुपर्दछ ।

ट) "शिक्षक व्यवस्थापन " विद्यालयमा स्विकृत दरबन्दी र नगरपालिकामा पुलमा रहेका दरबन्दी अन्तर्गत कार्यरत शिक्षकहरुको सरुवा तथा पदस्थापन सम्झनुपर्छ ।

## परिच्छेद– २

## विद्यालय समायोजन सम्बन्धी व्यवस्था

**३. विद्यालय समायोजन सम्बन्धी देहाय बमोजिमका कार्यविधिहरु लागु गरिनेछ ।**

(१) बेनी नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका विद्यालयहरु मध्ये एक विद्यालय अर्को विद्यालयको नजिकको दुरीमा रहेर सिमित जनसङ्ख्यालाई सेवा पुराइरहेका तर आधारभूत तह (कक्षा १-३ वा १-५ वा १-८ ) र माध्यमिक तह (कक्षा ९-१० वा ११-१२) का विद्यालय सञ्चालन गर्नका लागि न्यूनतम आधारहरू पनि पूरा हुन नसक्ने विद्यालयलाई नजिकको विद्यालयसँग गाभी सञ्चालनमा ल्याइनेछ ।

(२) नगरपालिकाबाट विद्यालय समायोजन र दरबन्दी मिलान कार्यका लागि समन्वय, अनुगमन, मूल्याङ्कन तथा उपलब्धीको समिक्षा गरी आगामी कार्यक्रमको लागि निर्देशन गर्न सक्नेछ ।

(३) विद्यालय समायोजनका आधारहरूः

(अ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफ ११ को (ज) र नगर शिक्षा ऐनको दफा २० को प्रयोग गरी दुई वा दुई भन्दा बढी सामुदायिक विद्यालयहरु एक आपसमा गाभ्ने वा एक आपसमा गाभी नयाँ स्थापना गर्ने वा विद्यालयको तह वा कक्षा घटाउन बढाउन देहायका आधारमा गर्न सकिनेछ ।

(आ) दुई वा सो भन्दा बढी विद्यालयको पैदल दुरी ३० मिनेट भन्दा कम भएको,

(इ) कुनै विद्यालयमा देहायको विद्यार्थी सङ्ख्या कायम नरहेको र निकट भविष्यमा पनि उक्त विद्यार्थी सङ्ख्या पुग्ने पर्याप्त आधार नदेखिएमा

| क्र स | कक्षा | न्यूनतम विद्यार्थी सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | बालविकास | ५ | |
| २ | १-३ | १० | |
| ३ | ४-५ | ११ | |
| ४ | ६-८ | २२ | |
| ५ | ९-१० | २५ | |
| ६ | ११-१२ | २० | |

नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश नेपाल २०७३

स्पस्टीकरण: आधा घण्टा पैदल दुरीमा अन्य विद्यालय नभएको तथा अलग्गै बस्ती भई भौगोलिक विकटता भएको तर न्यूनतम विद्यार्थी सङ्ख्या नभएमा विद्यालय सञ्चालन गर्न सकिनेछ ।

(ई) नजिकको दुरीमा रहेका र आपसमा गाभिएको माथिल्लो तहको विद्यालयको हैसियत प्राप्त गर्न चाहने दुई वा सो भन्दा बढी विद्यालय,

(उ) जनसङ्ख्या वृद्धि दर कम भएको र भविष्यमा पनि जनसङ्ख्या नबढ्ने खालको समुदायमा स्थापना भएका दुई वा दुई भन्दा बढी विद्यालयहरु,

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

(ऊ) भौगोलिक रुपले विकटता नभएको अवस्था,

(ए) दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा गाभी नयाँ स्थानमा स्थापना गर्ने वा ठाँउ परिवर्तन गर्न वा तह तथा कक्षा घटाउनका लागि सम्बन्धित विद्यालय र स्थानीय वडा तहको राय, नगर शिक्षा समितिको सिफारिस भएमा,

(४) विद्यालय गाभिए पछि कायम भएको विद्यालयको नाममा गाभिने विद्यालयहरुको सबै चल अचल सम्पत्ति दाखिला, खारेज गरी नयाँ कायम हुने विद्यालयको नाममा कायम गर्नका लागि नगर कार्यपालिकाको सिफारिसमा संवन्धित निकायमा पठाउनु पर्नेछ।

खण्ड (घ) बमोजिम सम्पत्ति दाखिला खारेज भएको व्यहोराको जानकारी नगरपालिकाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र मानव स्रोत विकास केन्द्रलाई समेत दिनुपर्नेछ।

(५) एक भन्दा बढी प्रारम्भिक बालविकास केन्द्र भएका विद्यालयबाट नजिकको बालविकास केन्द्र नभएको विद्यालयमा नगर शिक्षा समितिले गाभ्नका लागि सिफारिस गर्नेछ। गाभिएको बालविकास केन्द्रमा काम गर्ने सहयोगी कार्यकर्ता स्वत: समायोजन हुने गरी व्यवस्थापन गरिनेछ।

(६) नगरपालिका भित्र सञ्चालित दुई वा दुई भन्दा बढी संस्थागत विद्यालयहरुले विद्यालय गाभ्नका लागि विद्यालय व्यवस्थापन समितिको सिफारिस सहित माग भई आएमा नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले त्यस्ता विद्यालयलाई गाभ्न सक्नेछ।

(७) उपदफा '६' मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिका भित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुलाई नगर शिक्षा ऐनले निर्धारण गरेको न्यूनतम पूर्वाधार पुरा नगरेको भनी नगर शिक्षा समितिले सिफारिस गरेमा नगर कार्यपालिकाले त्यस्ता विद्यालयलाई स्थलगत अनुगमन गरी सो शैक्षिक सत्रभित्र नियमानुसार न्यूनतम पूर्वाधार पुरा गर्न नसकेमा विद्यालय गाभ्न वा बन्द गर्नेछ।

(८) विद्यालयहरुले साविकको जिल्ला शिक्षा कार्यालय वा नगरपालिकाबाट प्राप्त अनुमति अनुसारको तह वा कक्षा सञ्चालन गरेको नपाइएमा नगर शिक्षा समितिले त्यस्ता विद्यालयको सञ्चालनमा नआएको तह वा कक्षा हटाउन सक्नेछ।

**४. समायोजन हुने विद्यालयको नामाकरण**

(१) दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा गाभिएर नयाँ ठाउमा विद्यालय स्थापना हुने भएमा राष्ट्रियता, स्थानीयता र ऐतिहासिकता झल्कने साविकको नाम वा नयाँ नाम राख्न सकिनेछ। तर शिक्षा नियमावली २०५९ को नियम १५४ बमोजिम नामकरण भएका विद्यालयको नाम सोही अनुसार हुनेछ।

(२) समायोजन हुने वा गाभिने विद्यालयका सरोकारवालाहरुले नगरपालिकाको सिफारिसमा गाभिएको विद्यालय भवनमा शिशु कक्षा वैकल्पिक शिक्षा, सामुदायिक सिकाइ केन्द्र वा वाचनालय वा स्थानीय तहको आवश्यकता अनुसार अन्य कार्यालय वा कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(३) समायोजन भई सञ्चालनमा नरहेको विद्यालयको भवनमा भविष्यमा पुन: विद्यालय सञ्चालनका लागि न्यूनत्तम विद्यार्थी सङ्ख्या भएमा र विद्यालय आवश्यक देखिएमा पुन: विद्यालय सञ्चालनका लागि अनुमति दिन सक्नेछ

**५. दरबन्दी मिलानको आधारहरु**

(१) नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्म सञ्चालन भएका विद्यालयमा शिक्षक व्यवस्थापन गर्ने कार्यलाई अगाडि बढाउनेछ। शिक्षक विद्यार्थी अनुपात कम

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

भएका विद्यालयका शिक्षकहरुलाई दरबन्दी कम भएका वा कुनै प्रकारको दरबन्दी नभएका विद्यालयहरुमा शिक्षक दरबन्दी व्यवस्थापन गर्न दरबन्दी मिलानका देहायका आधार लिइनेछ।

क) दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा गाभिएमा।

ख) शिक्षक विद्यार्थी अनुपात तपासिल भन्दा कम भएमा।

| क्र स | कक्षा | शिक्षक विद्यार्थी अनुपात न्यूनतम | शिक्षक विद्यार्थी अनुपात अधिकतम | कैफियत |
|---|---|---|---|---|
| १ | बालविकास | १:५ | १: २० | |
| २ | १-३ | १:९ | १: ४० | |
| ३ | ४-५ | १:११ | १:४० | |
| ४ | ६-८ | १:१५ | १:४० | |
| ५ | ९-१० | १:२५ | १:४० | |

ग) यस कार्यविधिबमोजिम शिक्षक दरबन्दी बढी भएका विद्यालयबाट नगर क्षेत्रभित्रका अन्य आवश्यक विद्यालयमा दरबन्दी सहित शिक्षकलाई व्यवस्थापन गरिनेछ।

घ) कुनै पनि प्रकारको दरबन्दी नभएका तर न्यूनतम विद्यार्थी सङ्ख्या भई सञ्चालनमा आईरहेका विद्यालयहरुका लागि दरबन्दी मिलानका क्रममा शिक्षक व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।

ङ) कक्षा १-५ मा विद्यार्थी शिक्षक अनुपातका आधारमा र कक्षा ६-१० मा विषयगत शिक्षक दरबन्दीका आधारमा शिक्षक व्यवस्थापन गरिनेछ। माथिल्लो तहका दरबन्दी पूर्ण नभएमा तल्लो तहको दरबन्दीबाट मिलान गरिनेछ।

च) शिक्षक विद्यार्थी अनुपात कम भएका विद्यालयमा कार्यरत तोकिएको भन्दा माथिल्लो तहको योग्यता भएको शिक्षकलाई माथिल्लो कक्षा सञ्चालन भएको विद्यालयमा तहगत वा विषयगत रुपमा शिक्षक व्यवस्थापन हुने गरी दरबन्दी मिलान गरीनेछ।

## परिच्छेद– ३
## भौतिक, शैक्षिक व्यवस्थापन र अनुदान सम्बन्धी व्यवस्था

### ६. विद्यालय समायोजन पछि गर्नु पर्ने भौतिक व्यवस्थापन

(१) विद्यालय समायोजन वा गाभिएपछि उक्त विद्यालयमा रहेका फर्निचर पाठ्यसामग्री लगायत अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा जिन्सी दाखिला गर्नुपर्नेछ।

(२) विद्यालय समायोजन वा गाभिएपछि उक्त विद्यालयमा रहेका शैक्षिक प्रयोजनका काम नलाग्ने पुराना शैक्षिक र सामानको विवरण तयार पारी त्यस्ता मालसामानको न्यूनतम सालाखाला मूल्य कायम गरी विद्यालय व्यवस्थापन समितिले कायम गरेको मूल्यमा लिलाम गरी प्राप्त हुन आएको रकम विद्यालय कोषमा जम्मा गर्ने।

(३) विद्यालय समायोजन वा गाभिएपछि विद्यालयको आय आर्जनमा प्रयोग भएका जग्गा जमिन, कृषि, पशुपालन व्यवसायिक खेती गरिएको रहेछ भने त्यसको निरन्तरताको जिम्मा गाभिएको विद्यालयको हुनेछ।

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

(४) अनुमति वा स्वीकृति रद्ध गरिएको वा बन्द गरिएको विद्यालयको चल अचल सम्पत्ति नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णयबमोजिम नजिकको विद्यालय वा गाभिएको विद्यालयले प्रयोग गर्न पाउनेछ।

**७. प्रोत्साहन अनुदान दिइने**

(१) विद्यालय समायोजन तथा गाभिएपछि उक्त विद्यालयमा भवन, शौचालय, फर्निचर आदि निर्माण गर्न आवश्यक भएमा उक्त कार्यको लागि संघ, प्रदेश वा नगरपालिकामा भौतिक सुविधा विस्तार शीर्षकमा आउने अनुदान पहिलो प्राथमिकताको क्रममा उपलब्ध गराउनुपर्नेछ।

**८. विद्यालय समायोजन पछि गर्नुपर्ने शैक्षिक व्यवस्थापन**

(१) विद्यालय समायोजन पछि वा तह वा कक्षा घटाइए पछि विद्यालयमा आवश्यकता भन्दा बढी भएका शिक्षकलाई नगर शिक्षा समितिले पुल दरबन्दीमा राखी अर्को व्यवस्था नहुँदा सम्मको लागि समायोजन भएकै विद्यालय वा आवश्यक विद्यालयमा कामकाज गर्ने गरी खटाउन सकिनेछ।

(२) गाभिएको विद्यालयमा आवश्यकता भन्दा बढी शिक्षक रहन गएमा आवश्यकता र दफा ५ मा भएको व्यवस्थाका आधारमाम नगर शिक्षा समितिको सिफारिसमा पदस्थापन गरिनेछ।

**९. विद्यालय समायोजन पश्चात गर्नुपर्ने अन्य व्यवस्थापन**

(१) विद्यालय समायोजन पछि समायोजन भई जाने विद्यालयको कर्मचारी स्वत: समामयोजन भएको मानिनेछ। समायोजन हुने विद्यालयको कर्मचारीको व्यवस्थापन अर्को व्यवस्था नहुन्जेलसम्म गाभिएर जाने विद्यालयमा नै करार व्यवस्थापन गर्न सो अनुदान कोटा नगरपालिकाको पुल मा राखिनेछ। नगरक्षेत्र भित्रका विद्यालयमा अनिवार्य अवकाश वा अन्य कारणले रिक्त भएमा त्यस्ता फाजिलमा रहेका कर्मचारीलाई व्यस्थापन गरी पुलमा रहेको कोटा स्वत खारेज हुनेछ।

नगर कार्यपालिकाको कार्यालय
बेनी नगरपालिका
बेनी, म्याग्दी
गण्डकी प्रदेश नेपाल
२०७३

**परिच्छेद– ४**

**विद्यालय समायोजन सम्बन्धी नगरपालिका अन्तरगत निकायहरुको कर्तव्य**

**१०. विद्यालय व्यवस्थापन समिति**

(१) यस कार्यविधिबमोजिम विद्यालय समायोजन तथा दरबन्दी मिलान र शिक्षक व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्नु विद्यालय व्यवस्थापन समितिको दायित्व हुनेछ।

**११. वडा समिति**

(१) विद्यालय समायोजन वा गाभ्ने सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि आफ्नो वडाभित्रका विद्यालयहरुको अवस्था अध्ययन गरी विद्यालय समायोजन र दरबन्दी मिलान सम्बन्धी बैठक छलफल अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी सुझाव सङ्कलन गर्ने।

(२) वडा भित्र विद्यालय समायोजन र दरबन्दी मिलानको अवस्था विश्लेषण गरी विद्यालय समायोजन गर्नलाई सहयोग गर्ने।

**१२. नगर शिक्षा समिति**

(१) विद्यालय समायोजन वा गाभ्ने सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि नगरपालिका भित्रका विद्यालयहरुको अवस्था अध्ययन गरी विद्यालय समायोजन र दरबन्दी मिलान सम्बन्धी बैठक, छलफल, अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी सुझाव सङ्कलन गर्ने।

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

(२) विद्यालय नक्साङ्कनका आधारमा तोकिएको स्थानमा विद्यालय सञ्चालन गर्ने गराउने कार्यका लागि सम्बन्धित सरोकावालहरुको सहकार्यमा विद्यालय रहने स्थान निर्धारण गरी त्यस्तो स्थानको जग्गाको स्वमित्व विद्यालयका नाममा कायम गर्न सिफारिस गर्ने।

(३) विद्यालय व्यवस्थापन समितिहरुसँग परामर्श एवम् छलफल गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ र नगर शिक्षा ऐन २०७४ तथा यस कार्यविधिमा भएको व्यवस्था र शर्तका आधारमा विद्यालय समायोजन, दरबन्दी मिलान र शिक्षक व्यवस्थापनका लागि सिफारिस गर्ने।

**१३. नगर कार्यपालिका**

(१) यस कार्यविधि बमोजिम विद्यालय समायोजन, दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन सम्बन्धी अन्तिम निर्णय गर्ने।

**परिच्छेद– ५**

**१४. शिक्षक व्यवस्थापन**

(१) सामुदायिक विद्यालयहरुको गुणस्तरमा सुधार गर्न बेनी नगरक्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई देहाय बमोजिमका आधार र कारणका आधारमा विभिन्न विद्यालयहरुमा व्यवस्थापन गरी नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णयबमोजिम कामकाजमा लगाउन सक्नेछ।

देहाय

शिक्षक व्यवस्थपनका आधार र कारणहरु :

अ) विद्यालयमा उपलब्ध शिक्षकहरुको सङ्ख्या।
आ) विद्यालयको आवश्यकता।
इ) विषय शिक्षकहरुको आवश्यकता र उपलब्धता।
ई) विद्यार्थीहरुको पछिल्लो तीन वर्षको सिकाइ उपलब्धिस्तर।
उ) आधारभुत तह स्तरीय कक्षा ८ तथा माध्यमिक शिक्षा परीक्षा कक्षा १० को नतिजा
ऊ) शिक्षकहरुको विद्यालय व्यवस्थापन, प्रशासन र कर्मचारिबिचको पारस्परिक सहसम्बन्धको आधार।
ऋ) वडा शिक्षा समिति/ वडा समितिको राय।
ऌ) विद्यालय व्यवस्थापन समितिको योजना तथा सिफारिस।
ऍ) कुनै शिक्षकको अन्य विद्यालयमा व्यवस्थापन वा पदस्थापन गर्दा जाने र आउने दुवै विद्यालयको शैक्षिक गुणस्तर सुधार हुने अवस्थामा।
ऐ) अन्य सान्दर्भिक विषयहरु।

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश नेपाल
२०७३

**विविध**

**१५. कार्यविधिमा संशोधन**

नगर कार्यपालिकाले नगर शिक्षा समिति, सरोकारवाला निकाय वा विषय विज्ञहरुको परामर्शमा कार्यविधिमा संशोधन गर्न सक्नेछ।

**१६. बाझिएमा गर्ने**

यस कार्यविधिको व्यवस्थामा ऐन तथा नियमावलीसँग बाझिएमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र नगर शिक्षा ऐन, २०७४ बमोजिम हुनेछ।

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

**१७. व्याख्या**

यस कार्यविधिमा भएको व्याख्या नगर कार्यपालिकाबाट हुनेछ र नगर कार्यपालिकाबाट भएको व्याख्या नै अन्तिम हुनेछ ।

***

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख

## अनुसूची १

## विद्यालय अनुगमन फाराम

विद्यालयको नाम :- ठेगाना:-

सञ्चालित कक्षा :- मिति:-

### विद्यार्थी विवरण :-

| कक्षा | भर्ना/EMIS मा भएको विद्यार्थी सङ्ख्या | | | अनुगमनका दिनको विद्यार्थी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| **बालविकास** | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| **१ - ५ को जम्मा** | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| **६ -८ को जम्मा** | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| **९ १० को जम्मा** | | | | | | | |
| ११ | | | | | | | |
| १२ | | | | | | | |
| **११ १२ को जम्मा** | | | | | | | |
| ***कूल जम्मा*** | | | | | | | |

### शिक्षक विवरण

| शिक्षकको विवरण | शिक्षक दरबन्दी | | | | | नि. मा. तह विषयगत रुपमा | | | | | मा. तह विषयगत रुपमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रा | निमा | मा | उमा | जम्मा | अंग्रेजी | नेपाली | गणित | विज्ञान | सामाजिक | अंग्रेजी | नेपाली | गणित | विज्ञान | समाजिक | कै |
| स्थायी | | | | | | | | | | | | | | | | |

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख